# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प. सं. २०७७/०७८
च. नं. 3602

मिति : २०७८।०१।१५

**विषय : सामाजिक सुरक्षा भत्ताको लागि बैंक खाता खोल्ने सम्बन्धमा ।**

**श्री १ र २ नं. वडा कार्यालय**
**लिसंखु पाखर गाउँपालिका**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा ऐन २०७५ को दफा १७ को उपदफा ३ तथा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १० को उपनियम ३ बमोजिम सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणाली मार्फत वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । सामाजिक सुरक्षा भत्ता बैंकङ्ग प्रणालीबाट वितरण गर्नका लागि सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुले बैक खाता अनिवार्य खोल्नु पर्नेछ । यस गाउँपालिकाको भौगोलिक अवस्था, नियमित यातायातको साधन संचालन नभएको तथा हाल लक्ष्मी बैंकको शाखा रहेको स्थान सम्म पुग्न ५/६ घण्टा पैदल यात्रा गर्नुपर्ने भएकोले सवै लाभग्राहीहरु बैंकसम्म जान आउन समस्या भएको हुँदा तपसिलको मिति, समय र स्थानमा बैंकको प्रतिनिधीहरु समेतको उपस्थितीमा वडा कार्यालयबाट बैंक खाता खोल्ने कार्य हुने भएको हुँदा आवश्यक कागजातहरु सहित वडा कार्यालयमा उपस्थित भई बैक खाता खोल्न सवै लाभग्राहीहरुमा सुचना गरिदिनुहुन अनुरोध छ ।

**अवश्यक कागजातहरु**

| क. सं. | सामाजिक सुरक्षाको किसिम | अवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|
| १ | जेष्ठ नागरिक अन्य, जेष्ठ दलित, विधवा महिला, जेष्ठ नागरिक एकल महिला, अति अशक्त अपांग (ख वर्ग) | ❖ लाभग्राहीको फोटो १ थान<br>❖ लाभग्राहीको नागरिकताको प्रतिलिपी १ थान<br>❖ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपी | ❖ नागरिकता प्रष्ट नबुझिने भएमा मतदाता परिचयपत्रको प्रतिलिपी<br>❖ हिँडडुल गर्न नसकिने दिर्घ रोगीहरुका लागि संरक्षक तोकि खाता संचालन गर्न सकिनेछ । |
| २ | दलित बालबालिका | ❖ लाभग्राहीको फोटो १ थान<br>❖ लाभग्राहीको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी १ थान<br>❖ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपी<br>❖ संरक्षकको फोटो १ थान<br>❖ संरक्षकको नागरिकताको प्रतिलिपी १ थना | |
| ३ | पूर्ण अपांग (क वर्ग) | ❖ लाभग्राहीको फोटो १ थान<br>❖ लाभग्राहीको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपी १ थान<br>❖ सामाजिक सुरक्षा भत्ता कार्डको प्रतिलिपी<br>❖ संरक्षकको फोटो १ थान<br>❖ संरक्षकको नागरिकताको प्रतिलिपी १ थना<br>❖ संरक्षक तोकिएको वडाको सिफारिस | |

मिति, समय र स्थान

| मिति | समय | स्थान |
|---|---|---|
| २०७८।०१।१९ र २० गते | विहान १० बजे देखि बेलुका ५ बजे सम्म | १ नं. वडा कार्यालय, ठुलोधादिङ |
| २०७८।०१।२१ र २२ गते | विहान १० बजे देखि बेलुका ५ बजे सम्म | २ नं. वडा कार्यालय, लिसंखु |

**नोट : उक्त समयमा खाता नखोल्ने लाभग्राहीहरुले ठुलोपाखर स्थित लक्ष्मी बैकमा आफै उपस्थित गई खाता खोल्नु पर्नेछ । लक्ष्मी बैंकको जुनसुकै शाखामा खाता खोलिसकेको लाभग्राहीहरुले पुन खाता खोल्नु पर्ने छैन । थप जानकारीको लागि ९८१३४६६९६५ मा सम्पर्क गर्नु होस्।**

पुर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकिय अधिकृत

पुर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क नं. ०११६९११९७, ०११६९११९८ इमेल : lisankhupakharmun@gmail.com वेवसाइट : www.lisankhupakharmun.gov.np